# समालोचनाको सिद्धान्त : भाष्यशास्त्र

● सञ्जय राई*

**सार :** यस लेखमा भाष्यशास्त्रको पूर्वीय र पाश्चात्य परम्पराबारे परिचय दिइएको छ। संस्कृत वाङ्मयले भाष्यशास्त्रबारे संयमित अध्ययन/अध्याय सुरक्षित राखेको छैन। पश्चिममा आधुनिक तथा उत्तरआधुनिककालमा यसको विकास समय र समाजको चिन्तनअनुसार अघि बढेर आएको छ। दर्शनशास्त्र, समाजशास्त्र, इतिहास, राजनीतिशास्त्र सँगसँगै साहित्यशास्त्रका तात्त्विक दृष्टिकोणबाट भाष्यलाई अध्ययन गरी यसलाई समालोचनाको सिद्धान्त अथवा काव्यशास्त्र बनाउने उपक्रम अद्यावधि चलिरहेको छ। पूर्वीय वाङ्मय परम्परामा भाष्य स्वयम् एउटा स्वतन्त्र विधाका रूपमा देखिन्छ। परिवर्द्धन, सम्पादन, अनुवीक्षण, निरीक्षण सम्भव हुने भाष्यकार्य अधुनातन तथा तुलनात्मक अध्ययन र अनुवादविज्ञानको समकक्षीय देखिन्छ। यद्यपि नयाँ काव्यशास्त्रका रूपमा विकासशील भाष्यशास्त्र पूर्विय वाङ्मयकै परम्परा र देन हो।

**बीज शब्द** – भाष्य, टीका, व्याख्या, विश्लेषण, भाष्यसिद्धान्त, भाष्यविज्ञान, आधुनिकता, उत्तरआधुनिकता, काव्यशास्त्र, समालोचना।

### १. भाष्य – भाष्यशास्त्र, भाष्यविज्ञान

भाष्य सिद्धान्त, भाष्यविज्ञान[१] के हो? भाष्य व्याख्या–विश्लेषणको कला हो। मूलतः भाष्य

१. माधव पोखरेल, वि सं २०१५, 'भाष्यवैज्ञानिक समालोचनाको शोध विधि', मोहन पी दाहाल (सम्पा), **नेपाली अकादमी जर्नल**, अङ्क ११, पृ १–१३

* प्राध्यापक, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय

अथवा व्याख्या–विश्लेषणको यो सिद्धान्त धार्मिक अनुशासनसँग सम्बन्धित छ जसले पावन ग्रन्थको अर्थ र आप्तवाणीलाई व्याख्या गर्दछ।[२] भाष्यको सम्बन्ध भाषाशास्त्र अथवा मानवभाषाको अध्ययनसँग पनि छ। यसैले साहित्यको अध्ययनसँग पनि भाष्यको सम्बन्ध अन्योन्याश्रित छ। भाष्य भाषिक उत्पादको व्याख्या हो। भाष्य सिद्धान्तले समय र स्थानको कारण अपरिचित रहने ऐतिहासिक पाठ अथवा ग्रन्थको टीकालाई अधिक परिचित शब्दशक्तिमा अनुवाद गरिदिन्छ।[३]

### २. भाष्य : संस्कृत साहित्यको उपजीव्य

प्राचीन एवम् मध्यकालीन संस्कृत साहित्यमा भाष्य भनेको प्राथमिक अथवा द्वितीय पाठको विवरण तथा व्याख्या हो। वेद, पुराण, उपनिषद्, हिन्दू दर्शनका शाखाहरूका सूत्रमा भाष्य पाइन्छन्। उदाहरणस्वरूप वेदको भाष्य, ब्रह्मसूत्रको भाष्य, पतञ्जलि महाभाष्य, गीताभाष्य आदि आदि। भारतका अन्य भाषामा पनि भाष्यशास्त्र पाइन्छ। साहित्यमा मात्र नभई प्रचीन औषधिविज्ञान तथा सङ्गीतका पनि भाष्य छन्।

भाष्यका निश्चित नियमहरू थिए।[४] व्याख्यामा शब्दका अर्थ अपेक्षित थिए। सूत्रको व्याख्या गरिँदा उपयोग गरिएका ग्रन्थको नाम उद्धृत गर्न आवश्यक थियो। भाष्यकारले पाठको निरीक्षण गर्थे, त्यसको स्वीकृति वा अस्वीकृतिका बारेमा कारणसहित स्पष्टीकरण दिइएको हुनुपर्थ्यो अनि प्रायशः निष्कर्ष पनि लेखिएका हुन्थे। मुख्य ग्रन्थको शीर्षकपछि परप्रत्ययका रूपमा भाष्य नाम जोडिन्थ्यो जस्तै – ‘ब्रह्मसूत्रभाष्य’, ‘पतञ्जलि महाभाष्य’, ‘शङ्कर भाष्य’, ‘रामानुजाश्री भाष्य’।

छोटो विवरण वा व्याख्यालाई वाक्य अथवा वृत्ति भनिन्छ। भाष्यमा सूत्रको अर्थ गद्यात्मक पाठ हुन्छ। भाष्यकारले सूत्रको अनुपालना मात्र नगरेर पाठमा आफ्नै योगदान पनि दिनसक्छन्। विज्ञान तथा दर्शनशास्त्रको सम्प्रभुत्वसम्पन्न तथ्यलाई पद्यात्मक रूपमा व्याख्या गर्ने चाहिँ कारिका हो। ‘न्यायसूत्र’, ‘वेदान्तसूत्र’, ‘पाणिनीसूत्र’ आदि वाक्य वा वृत्ति कोटिका ग्रन्थहरू हुन्।

दोस्रो शताब्दीदेखि पाँचौँ शताब्दीसम्म पूर्वीय परम्परामा भाष्यशास्त्रले– (१)सिद्धान्त, (२)भाष्य र (३) टीका आदि तीनवटा स्वतन्त्र तहमा रचनात्मक स्वरूप प्राप्त गरेको देखिन्छ।

---

२. Wilhelm Dilthey, 1996, **Wilhelm Dilthey: Selected Works, Volume IV: Hermeneutics and the Study of History** (Makkreel R & Rodi F, Eds.), Princeton, New Jersey, Princeton University Press

३. Wilhelm Dilthey, 1996, **Wilhelm Dilthey: Selected Works, Volume IV: Hermeneutics and the study of History,** पूर्ववत्

४. पदच्छेदः पदार्थोक्ति विग्रहो वाक्ययोजना ।
आक्षपेषु समाधाने व्याख्याने पञ्चलक्षणम् ।।

### ३. पाश्चात्य भाष्यशास्त्र : अरस्तुदेखि उत्तरआधुनिकतासम्मको सन्दर्भ

अरस्तु (३८४ ख्रिष्टपूर्व – ३२२ ख्रिष्टपूर्व) ले 'पेरी हर्मिनिया'मा भाष्यशास्त्रलाई व्याख्यात्मकताको पद्धतिक्रम हो भन्ने मानेका छन्। भाष्यको ज्ञान, चर्चा र उपयोग अरस्तुबाट सुरु भएर उत्तरआधुनिक कालको समालोचना सिद्धान्तमा एउटा पद्धतिका रूपमा परिचित छ। 'दि इन्टप्रेरिनियो, पोइटिक्स, रेटोरिक' आदिमा भाष्यको चर्चा सर्वाधिक भएको पाइन्छ।

भाष्यलाई पश्चिममा पनि धार्मिक ग्रन्थ, पुराना अभिलेख, चित्र आदिको व्याख्यासूत्रका रूपमा पहिलेदेखि नै प्रयोग गरिँदै आएको थियो। साहित्य विकासको माध्यमिक कालसम्म भाष्यले धार्मिक उपादेयतालाई मध्यनजरमा राख्दै दर्शनशास्त्रका क्षेत्रमा पनि आफ्नो प्रभाव जमाएको थियो। मानवीय संवेदना, मेधा, चेतना र बोधशक्तिमा[५] आधारित भाष्यले पूर्व र पश्चिममा समान रूपमा समाजलाई पोषण गरेको छ। प्लेटो र अरस्तुको ग्रिक भाष्य युगपछि प्राचीन ख्रिष्टीय युग (१०० ख्रिष्टाब्द) मा पनि भाष्यसिद्धान्तको विकास भइरह्यो। मध्ययुग (पन्ध्रौँ शताब्दीसम्म)मा पाइने बाइबलका टीकाहरू भाष्य नै हुन्। यस समयमा बाइबल टीकाहरूद्वारा भाष्यका निम्नलिखित विशेषता निर्माण भए :

* शाब्दिक सर्तकता
* लाक्षणिक चेतना
* धार्मिक तथा चारित्रिक विकास

बाइबलको नयाँ नियम जत्तिकै बलिष्ठ रूप थिए – मध्यकालीन टीका आदि।

### ४. भाष्यको धार्मिक स्वरूप र उपयोगिता

भाष्य आदिकालदेखि धार्मिक उद्देश्यका निम्ति पद्धति सिद्धान्त वा क्रम बनेको थियो। पुनर्जागरणकाल अघिसम्म यो केही बद्लिएको भए तापनि धार्मिक ग्रन्थका उपदेशात्मक व्याख्या यसको प्राथमिक उद्देश्य थियो। मेसोपोटामिया भाष्य, वैदिक भाष्य, बौद्ध तथा जैन भाष्य, ख्रिष्टीय भाष्य तथा दर्शनशास्त्रगत भाष्य आदिले आफ्ना–आफ्ना विशेषता र उपयोगितासँगै मध्यकालसम्म आफ्नो स्वरूप विस्तार गरेको पाइन्छ।

### ५. भाष्यशास्त्रको आधुनिककाल

पन्ध्रौँ शताब्दीमा ऐतिहासिक तथा आलोचनात्मक पद्धतिद्वारा पाठको विश्लेषण गर्ने मानवतावादी ज्ञानानुशासनका रूपमा भाष्यशास्त्रको विकास भयो।

यद्यपि आधुनिक युगमा पनि मध्यकालीन बाइबलसम्मत भाष्यको अस्तित्व पूर्णतः मेटिएर गएन।

५. Jens Zimmermann, 2015, **Hermeneutics: A very short Introduction**, Oxford, Oxford University Press

मार्टिन लुथर, जोज क्यालभिन आदिले बाइबलका विविध पक्षलाई व्याख्या गरी धार्मिक भाष्यलाई जिउँदो राखे।

उन्नाइसौँ शताब्दी र बीसौँ शताब्दीको बिचमा भाष्यको परम्परा बुझाइको सिद्धान्त (थ्योरी अव् अन्डरस्ट्यान्डिङ)का रूपमा विकसित बन्यो।

**फ्रेडरिक स्लेयर्माखर (१७६८–१८३४) :**

फ्रेडरिक स्लेयर्माखर भाष्यशास्त्रका मुख्य अभियन्ता हुन्। उनको भाष्यको सिद्धान्तलाई स्वच्छन्दतावादी तथा सैद्धान्तिक भाष्य भनिएको छ। स्लेयर्माखरले मानवीय सम्पर्कका सबै माध्यमलाई सक्रिय बनाए। उनले शब्द, पाठ त्यसको उद्देश्य, अर्थलाई मात्र प्रमुखता नदिई लेखकको दृष्टिविन्दु र विशेष चारित्रिक महत्त्वलाई समेत बुझाइको अनन्य अङ्ग मानेर त्यसलाई सिद्धान्तीकरण गरे। आई ए रिचर्ड्स र सी के ओग्डेनको 'मिनिङ अव् मिनिङ' मा चर्चा गरिएको प्रागानुभव (सेन्स अप्रायरी) को सिद्धान्तजस्तो स्लेयर्माखरको अनुपस्थित र अवकासमाझको तत्त्वलाई सैद्धान्तिक भाष्य पद्धतिले चिह्नित गरायो। स्लेयर्माखरले सामान्य संस्कृति–सङ्कथनको व्याकरणिक व्याख्या र लेखकको आत्मनिष्ठ व्यक्तित्वद्वारा आउने तकनिकी व्याख्यामाझ विभेद देखाए[६]। उनको अध्ययनअनुसार भाष्यकार (व्याख्याता) ले पाठको आत्मनिष्ठ तत्त्वलाई पुनर्निर्माण गर्नुपर्दछ अनि मात्र उसले मूल लेखकले भन्दा राम्ररी पाठको मर्मलाई समात्न सक्दछ। स्लेयर्माखरले 'मनोरचना विज्ञान' (इन्ट्युटिव साइकोलोजिज्म) लाई व्याकरणिक' पद्धतिको सहयोगी ठानेर यसको (मनोचेतना) महत्त्व आफ्नो भाष्यवृत्त' (हर्मन्युटिक साइकल) मा पनि देखाएका छन्।

**अन्य भाष्यशास्त्रवेत्ता, सिद्धान्तकार :**

- अगस्ट ब्लख (पद्धतिमूलक भाष्यसिद्धान्त)
- विल्हेम डिल्दे (ज्ञानमीमांसीय भाष्यसिद्धान्त)
- मार्टिन हाइडेगर (सत्तामूलक एवम् परिघटनात्मक भाष्यसिद्धान्त)
- ह्यान्स जर्ज ग्याडामर (सत्तामूलक भाष्यसिद्धान्त)
- लियो स्ट्रस ( स्ट्रसीय भाषासिद्धान्त )
- एडमन्ड हुस्सेर्ल (परिघटनात्मक भाष्यसिद्धान्त)
- पल रिक्येर (परिघटनात्मक भाष्यसिद्धान्त)
- वल्टर बेन्जामिन (मार्क्सवादी भाष्यसिद्धान्त)

६. Peter Childs and Roger Fowler, 1987, **The Routledge Dictionary of Literary Terms**, New York, Routledge

❊ एम्स्ट ब्लख (मार्क्सवादी भाष्यसिद्धान्त)
❊ ज्याक डेरिडा (उग्र तथा विनिर्माणवादी भाष्यसिद्धान्त)
❊ रिचर्ड क्येर्ने (सूक्ष्म आलोचनात्मक भाष्यसिद्धान्त)
❊ फ्रेडरिक जेमेसन (मार्क्सवादी भाष्यसिद्धान्त)
❊ जोन थम्पसन (आलोचनात्मक भाष्यसिद्धान्त)

**विल्हेम डिल्दे (१८३३–१९११) :**

डिल्देको भाष्य सम्बन्धित सिद्धान्तलाई ज्ञानमीमांसीय भाष्यशास्त्र भनिएको छ। उनी जर्मन इतिहासकार, मनोवैज्ञानिक, समाजशास्त्री र भाष्यदार्शनिक थिए। डिल्देले 'बुझ्नु' को प्रकियालाई मानवीय वाह्य कार्यको अभिव्यक्ति र आन्तरिक अर्थको विस्तारमा एक उत्पाद मानेका छन्। डिल्देले मानव मनका तीनवटा संरचनात्मक तह मान्दै भाष्यप्रक्रियामा तिनलाई प्रभावकारी रहने बताएका छन् – (१)अनुभव (२)अभिव्यक्ति (३)अनुभूति। डिल्देले पनि स्लेयरमार्खरकै मनोवैज्ञानिक महत्त्वलाई पछ्याए। उनले इतिहासको भूमिकालाई पनि महत्त्वपूर्ण माने र साहित्यलाई 'अत्यन्त महत्त्वपूर्ण' ठाने। 'भाषामा नै मानिसले आफ्नो पूर्णता प्राप्त गर्दछ र वस्तुगत रूपमा प्रबलतासाथ ज्ञानको अभिव्यक्ति हुँदछ। यसैले साहित्य भाष्य अध्ययनका निम्ति विशेष वस्तु हो'[७] भन्ने उनको मान्यता रहेको छ।

**६. उत्तरआधुनिकतावादी सङ्कथनका रूपमा भाष्यशास्त्र र सिद्धान्तकार**

फ्रेडरिक स्लेयर्माखर, अगस्ट ब्लख, विल्हेम डिल्दे, मार्टिन हाइडेगर, वल्टर बेन्जामिन आदि भाष्यशास्त्रवेत्ता, सिद्धान्तकार, दार्शनिकहरू आधुनिककालका स्तम्भ हुन्। उत्तरआधुनिक कालमा देखापरेका साहित्य, भाषाचिन्तनको परम्परामा भाष्य दार्शनिकहरू सक्रिय नै रहे। ह्यान्स जर्ज ग्याडामर, पल रिक्व्येर, एडमन्ड हुस्सेर्ल, ज्याक डेरिडा, रिचर्ड क्येर्ने, फ्रेडरिक जेमेसन आदिले आफ्ना–आफ्ना विशेष ज्ञानक्षेत्रका प्रभावअनुसार भाष्यसिद्धान्तलाई वैज्ञानिक बनाउने चेष्टा गरे। उत्तरआधुनिक कालमा तिनका सिद्धान्त र पद्धतिले आलोचनाको काव्यशास्त्र निर्माण गर्ने दिशा पहिल्याएको छ।

**७. सत्तामूलक भाष्यशास्त्र : उत्तरआधुनिकताको पाटो**

**ह्यान्स जर्ज ग्याडामर (१९००–२००२) :**

ग्याडामरलाई सत्तामूलक भाष्यशास्त्रका व्याख्याता मानिन्छ। उनी भाष्यशास्त्रलाई विकसित गराउने

७. Wilhelm Dilthey, 1996, **Wilhelm Dilthey: Selected Works, Volume IV: Hermeneutics and the Study of History** (Makkreel R & Rodi F, Eds.), Princeton, New Jersey, Princeton University Press

एकजना प्रमुख विद्वान् हुन्। पल रिक्व्येर जस्तै ग्याडामर पनि नव–कान्टीय दार्शनिक मण्डलीका विद्वान् थिए तथापि उनी मार्टिन हाइडेगर तथा शास्त्रीय दर्शनशास्त्रका पनि पक्षधर थिए। ग्याडामरको मतमा ज्ञान 'विशुद्ध' हुन्छ जसलाई आलोचनात्मक प्रभावद्वारा उन्मुक्त बनाउन सकिन्छ। ग्याडामरले यस दिशामा प्राथमिक अथवा आवश्यक कार्यावलीलाई महत्त्व नदिएको देखिन्छ। उनको मुख्य ध्येय बुझाइ र उन्मुक्तिको समीकरण मिलाउनु नै देखिन्छ।

**पल रिक्व्येर (१९१३–२००५) :**

रिक्व्येरले भाष्यशास्त्रलाई चिनाउन र त्यसको अपवर्त्य भूमिका बताउन संरचनात्मक भाषाविज्ञानको उपयोग गरेका छन्।[८] कार्लमार्क्स, फ्रेडरिक नित्से, सिग्मन्ड फ्रायड आदिकै परम्परामा पल रिक्व्येरले प्रसङ्ग–उद्घाटनद्वारा व्याख्या गर्दै ज्ञानलाई उन्मुक्त गर्न चाहेका छन्। उनले रहस्यात्मक भाष्यलाई उन्मुक्त–उद्घाटन गर्ने दिशामा काम गरे। उनले यसलाई अर्थको पुनर्स्थापना मानेका छन्।

**८. उपसंहार**

भाष्यशास्त्र इम्यानुएल कान्टपछिको चेतनाको प्रतिध्वनि र आलोचनात्मक दर्शनशास्त्र हो।[९] भाष्यशास्त्र ज्ञानको अवस्था अथवा तहलाई विश्लेषण गर्ने दार्शनिक ज्ञानानुशासन हो; भाष्यशास्त्रवेत्ता, सिद्धान्तकारहरूले मानवचेतनाको सार्विक अवस्थालाई परिभाषित गर्न तीनवटा क्षेत्र चिह्नित गरेका छन् – (१) चेतनाको प्रकृति (२) यथार्थ जगत्को प्रकृति (३) भाषाको महत्त्वपूर्ण स्थिति र अवस्था।[१०]

पन्ध्रौँ शताब्दीसम्म भाष्यशास्त्र एउटा स्वतन्त्र विधाका रूपमा विकसित हुन खोजिरहेको साहित्यको अनन्य नियामक तत्त्व देखिन्छ। त्यसका कारण र दिशा निम्नलिखित छन् –

- मूल पाठका टीकाको रूपमा स्वतन्त्र पाठको निर्माण भएकाले।
- मूल पाठमा टीकाकारको विचार तथा कल्पनाको संयुक्तिका कारणले।
- एपिसोड, प्याराबल, जातक कथा, आख्यायिका, उपकथा आदिको रचना भएकाले।
- वेद, उपनिषद्, बाइबल आदिका टीका बनिएकाले।
- महाभारतमा उपलब्ध विविध कथा, उपकथा।
- रामायणको रूपान्तरण, अनुवादबाट उपलब्ध प्राय ३००० भाषाका रामायणमा पाइने विविधता, मौलिकताका कारण ।

---

८. पूर्ववत्

९. Paul Ricoeur, 1970, **Freud and Philosophy, trans. Dennis Savage New Haven**, CT, Yale University Press

१०. Jens Zimmermann, 2015, **Hermeneutics: A very short Introduction**, Oxford, Oxford University Press

- ❊ धार्मिक क्रियाकलाप, देवदेवीका स्तुति आदिमा सिर्जित मन्त्र, भजन आदिलाई वाक्य, वृत्ति एवम् कारिकाका रूपमा हेर्दा ती विधागत अवस्थामा भएका भाष्य नै हुन्।
- ❊ लोकजीवन, संस्कृति, आचरणमा देखापरेका वृत्ति, मूल पाठको टीकाको टीकाजस्ता छन्।

## ९. निष्कर्ष

**उत्तरआधुनिक कालमा भाष्यशास्त्र : विज्ञान कि समालोचनाको काव्यशास्त्र ?**

- ❊ भाष्यशास्त्र उत्तरआधुनिक साहित्य सिद्धान्तको पठन/आलोचना गर्ने एउटा अवलम्ब बनेको (विनिर्माणवाद) हुनाले समालोचनाको सर्वाङ्ग काव्यशास्त्र बन्न सक्दैन।
- ❊ विविध मान्यता र अवधारणागत भाष्यशास्त्रको एउटा समाविष्ट पद्धति निर्मित हुनसक्छ।
- ❊ भाष्यशास्त्र आफैमा पुनर्रचना, परिवर्द्धनसँगै मूल पाठको सत्ता र संज्ञानको अवकासमाझ हुने अनुभूतिजन्य तथा प्रागानुभविक ज्ञान भएको हुनाले यो आगमनात्मक पद्धतिको रचनापरक ग्रहण हुनसक्छ। यो आफ्नो अतीतमा आलोचना सिद्धान्त नै चाहिँ थिएन।
- ❊ भाष्यशास्त्र सिद्धान्त, पद्धति आदिको समाविष्ट ज्ञान अथवा त्यसको समृद्ध रूप हुनसक्छ। पन्ध्रौँ शताब्दीपछि भाष्य एउटा मौलिक रचनात्मक विधा हुनुभन्दा अधिक ग्रहण र अनुभूति (संज्ञान) को प्रणालीका रूपमा सक्रिय बनेर विकसित बनेको देखिन्छ। यद्यपि एउटा स्वतन्त्र आलोचना सिद्धान्त वा वाद नबनेर भाष्यशास्त्र  उत्तरआधुनिक कालका विविध साहित्य सिद्धान्तमा एउटा पद्धतिका रूपमा सक्रिय देखिन्छ। यद्यपि भाषा–साहित्य अध्ययनमा भाष्यशास्त्रलाई एउटा स्वतन्त्र समालोचनाको काव्यशास्त्रका रूपमा हेर्ने आग्रह उत्तरआधुनिक कालमा नै अधिक मुखर बनेको हो।